अनुसूची (२)

(दफा ४ तथा अनसूची–१ को भाग–२ सँग सम्बन्धित)

दोरम्बा गाउँपालिकाद्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्डः ८ संख्याः २०७६

मितिः २०७६/०९/१०

भाग–२

दोरम्बा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

टोकरपुर, रामेछाप

३ नं. प्रदेश, नेपाल

## दोरम्बा गाउँ कार्यपालिकाको कार्यालयको सुचना

दोरम्बा गाउँपालिका, गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारण जानकारीका लागि प्रकाशन गरिएको छ।

## विक्रम सम्वत २०७६ सालको कार्यविधि नं. ६

## दोरम्बा गाउँपालिका मेलमिलाप कर्ता पारिश्रमिक व्यवस्था गर्नका लागि बनेको कार्यविधि



Scanned with CamScanner

**प्रस्तावनाः**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ र दोरम्बा गाउँपालिका न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन, २०७४ को परिच्छेद ८ को अधिनमा रहि गाउँपालिका भित्रका विवादहरूलाई मेलमिलापद्वारा निरूपण गरी शान्तिमैत्री पुर्ण समाज निर्माण गर्न यो कार्यविधि बनाएको छ ।

## १. संक्षिप्त नाम र प्रारम्भ :

(क) यस कार्यविधिको नाम दोरम्बा गाउँपालिका मेलमिलाप कर्ता पारिश्रमिक सम्बन्धी कार्यविधि २०७६ रहेको छ ।

(ख) यो कर्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएपछि तुरुन्त लागु हुनेछ ।

## २. परिभाषाः

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) कार्यविधिः भन्नाले दोरम्बा गाउँपालिका मेलमिलाप कर्ता पारिश्रमिक सम्बन्धी कार्यविधि २०७६ भन्ने सम्झनुपर्छ ।

(ख) संयोजकः भन्नाले गाउँपालिका तथा वडा मेलमिलाप समितिको संयोजकलाई सम्झनुपर्छ ।

(ग) मेलमिलाप कर्ताः भन्नाले दोरम्बा गाउँपालिका न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन, २०७४ को दफा ६० बमोजिम सुचीकृत भएको मेलमिलाप कर्ता सम्झनुपर्छ ।

## ३. मेलमिलाप कर्ताको पारिश्रमिक सम्बधी व्यवस्था :

(क) कार्यविधिः भन्नाले दोरम्बा गाउँपालिका मेलमिलाप कर्ता पारिश्रमिक सम्बन्धी कार्यविधि २०७६ भन्ने सम्झनुपर्छ ।



(१) यस गाउँपालिका न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन २०७४ बमोजिम सुचीकृत मेलमिलाप कर्ताले गाउँपालिका तथा वडा स्तरीय मेलमिलाप केन्द्रमा आएका विवादहरू मिलाउन सक्नेछन र उक्त विवादहरू मेलमिलाप गरेबापत वा प्रत्येक विवाद मिलापत्र गरे बापत रू ६०० (अक्षरूपी पाँच सय रुपैयाँ) यस गाउँपालिकाबाट मेलमिलाप कर्ताको पारिश्रमिक रुपमा व्यवस्था गरिएको छ ।

(२) उपदफा १ को व्यवस्था बमोजिमको सुविधा प्राप्त गर्नका लागि विवाद मेलमिलाप भएको दिनको उपस्थिति माईन्युट र सहमति पत्रको प्रतिलिपि अनिवार्य रूपमा यस गाउँपालिकाको न्यायिक समिति समक्ष बुझाउनु पर्नेछ ।

(३) मेलमिलाप कर्ताको सुविधा गाउँपालिकाको न्यायिक समितिको सिफारिसमा गाउँपालिका कार्यालयले उपलब्ध गराउनेछ ।

## ४. कार्यविधिको व्याख्या

यस कार्यविधिको कार्यान्वयन गर्ने क्रममा कुनै द्विविधा उत्पन्न भएमा गाउँ कार्यपालिकाले गरेको व्याख्या अन्तिम हुनेछ ।

आज्ञाले,
दिपेन्द्र रेग्मी
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner